एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (२५ जिल्ला कार्यक्षेत्र भएको)
(साविकको क्लिन भिलेज माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड)

**Head Office :**
Pokhara-29, Milanchowk, Hemja, Kaski
Phone : 061-400427, 400477,
Fax : 061-400428
Email : info@nmbmicrofinance.com
Website : www.nmbmicrofinance.com

# Unaudited Financial Results (Quarterly)

## As at 3rd Quarter (Chaitra End) of the Fiscal Year 2073/74

Rs in '000'

| S. No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities** | **1,899,268.93** | **1,670,408.19** | **1,079,437.08** |
| 1.1 | Share Capital | 109,615.60 | 93,173.00 | 46,000.00 |
| 1.2 | Reserve Funds | 56,812.17 | 42,267.23 | 24,267.57 |
| 1.3 | Debenture & Bonds | - | - | - |
| 1.4 | Borrowings | 1,357,699.54 | 1,227,666.12 | 834,645.07 |
| 1.5 | Deposit Accounts | 338,593.07 | 279,209.62 | 161,598.37 |
| | a. Member | 338,593.07 | 279,209.62 | 161,598.37 |
| | b. Public | - | - | - |
| 1.6 | Proposed Dividend | - | - | - |
| 1.7 | Income Tax Liability | 1,030.48 | 798.05 | - |
| 1.8 | Other Liabilities | 35,518.08 | 27,294.18 | 12,926.08 |
| **2** | **Total Assets** | **1,899,268.93** | **1,670,408.19** | **1,079,437.08** |
| 2.1 | Cash and Bank Balance | 296,256.94 | 373,192.90 | 236,686.16 |
| 2.2 | Money at Call and Short Notice | - | - | - |
| 2.3 | Investments | 2,000.00 | 2,000.00 | - |
| 2.4 | Loans and Advances | 1,578,305.74 | 1,242,367.39 | 828,522.13 |
| 2.5 | Fixed Assets | 11,801.68 | 11,624.87 | 8,377.31 |
| 2.6 | Non-Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 10,904.57 | 41,223.03 | 5,851.48 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 159,862.90 | 98,073.97 | 84,107.77 |
| 3.2 | Interest Expenses | 56,647.07 | 32,656.03 | 27,975.71 |
| | **A. Net Interest Income (3.1-3.2)** | **103,215.83** | **65,417.94** | **56,132.06** |
| 3.3 | Commission & Other Operating Income | 34,409.49 | 19,587.75 | 17,661.94 |
| 3.4 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B.Total Operating Income (A+3.3+3.4)** | **137,625.31** | **85,005.69** | **73,794.01** |
| 3.5 | Personnel Expenses | 50,274.07 | 33,640.69 | 24,160.52 |
| 3.6 | Other Operating Expenses | 20,181.12 | 11,550.33 | 10,871.80 |
| | **C. Operating Profit before Provision (B-3.5-3.6)** | **67,170.12** | **39,814.66** | **38,761.69** |
| 3.7 | Provision for Possible Losses | 11,816.72 | 7,283.53 | 6,584.74 |
| | **D. Operating Profit/(Loss) (C-3.7)** | **55,353.41** | **32,531.13** | **32,176.95** |
| 3.8 | Non-Operating Income/Loss | 58.62 | 24.57 | - |
| 3.9 | Write-Back of Provision for Possible Losses | - | - | - |
| | **E. Profit (Loss) from Regular Business** | **55,412.03** | **32,555.70** | **32,176.95** |
| 3.10 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit Before Bonus and Taxes (E+3.10)** | **55,412.03** | **32,555.70** | **32,176.95** |
| 3.11 | Provision for Staff Bonus | 5,037.46 | 2,959.61 | 2,925.18 |
| 3.12 | Provision for Income Tax | 15,112.37 | 8,878.83 | 8,775.53 |
| | **G. Net Profit / (Loss) (F-3.11-3.12)** | **35,262.20** | **20,717.26** | **20,476.24** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.56% | 10.44% | 8.49% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.88% | 1.10% | 1.30% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 185.25% | 154.44% | 103.28% |
| 4.4 | Cost of Funds | 7.51% | 6.26% | 5.32% |

**Note:** 1. The Unaudited Financial Figures may change if directed by Statutory Auditor/ Supervisory Authorities.
2. Previous Period Figures are regrouped or rearranged wherever necessary.
3. Loans and Advances are reported net of provisions where Gross Loans and Advances amount to NRs. 1,604,371 thousands.
4. The Company has made investments NRs. 2 million in promoter share of Nepal Finsoft Company Limited.
**5.Interest Rate**
**Deposit – Min 8% to Max 10% Loans and Advances- Min 12% to Max 18%**

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
## २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
# आ.व. २०७३/०७४ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

(क) यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाको त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

यो वित्तीय संस्था एनएमबि बैंक लिमिटेडको सहायक कम्पनी हो जसको यसमा कुल शेयरमध्ये ५१ प्रतिशत शेयर स्वामित्व रहेको छ। यस वित्तीय संस्थाको एनएमबि बैंकसँगको सम्बन्धित पक्षबीचका कारोबार निम्नबमोजिम छन्।

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | एनएमबि बैंकको लगानी | ५७,४७७,०००.०० |
| २ | एनएमबि बैंकबाट लिएको सापटी | २००,०००,०००.०० |
| ३ | एनएमबि बैंकलाई गरेको ब्याज भुक्तानी | ६,८२१,९१७.९७ |
| ४ | एनएमबि बैंकमा रहेको मौज्दात | ६,०७०,०८२.१३ |

(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी (वार्षिक) : रु. ४२.८९ मूल्य आम्दानी अनुपात (वार्षिक) : रु. ५४.५६
प्रति शेयर नेटवर्थ : रु. १५१.८३ प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु. १,७३२.६६
तरलता अनुपात : १५.६०%

२. **व्यवस्थापकिय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात र आम्दानी लक्ष्य अनुरुप हासिल भएको छ। लक्ष्य अनुरुप सदस्य संख्या तथा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ब्याजदर लघुवित्तको बजार औषत भित्र नै कायम गरी ग्राहक सदस्यहरु आकर्षित गर्न सक्नु मुख्य कारणहरु रहेका छन्।

(ख) आगामी अवधिमा वित्तीय पहुँच कम भएका थप हिमाली तथा पहाडी जिल्लाहरुमा शाखा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने तथा राष्ट्रियस्तरको वित्तीय संस्थामा स्तरोन्नती गरी अन्य जिल्लाहरुमा पनि क्रमशः शाखाहरु खोली लघुवित्त कार्यक्रम विस्तार गर्ने व्यवसायिक योजना रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्द कुनै मुद्दा दायर भएको छैन।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्द आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुनाले व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।

(ख) शेयर सम्बन्धी विवरण

अधिकतम मूल्य : रु.२,४३६ न्यूनतम मूल्य : रु.१,२३९ अन्तिम मूल्य : रु.२,३४०
कारोबार भएको कुल दिन : ५२ दिन कारोबार संख्या : ९,६०० कित्ता

५. **समस्या र चुनौती :**

(क) कार्यक्षेत्रको भौगोलिक विकटताले कार्यक्रम सञ्चालन गर्दा कर्मचारी उत्पादकत्व कम देखिने तथा सोही कारणले सञ्चालन लागत बढी भएको चुनौतीको सामना गर्नुपरेको छ।

(ख) ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारहरुको विकास कम भएकाले सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्नमा चुनौती रहेको छ।

(ग) नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम वाणिज्य बैंकले कुल कर्जा तथा सापटको २ प्रतिशत विपन्न वर्गमा प्रत्यक्ष लगानी गर्नुपर्ने प्रावधानले तथा बैंकिङ्ग क्षेत्रमा तरलताको सम्स्याले पनि यस वित्तीय संस्थाको वित्तीय श्रोतमा कमी भई भावी कार्यक्रम विस्तार सम्वन्धि योजनामा चुनौती थपिएको छ।

(घ) नयाँ लघुवित्त संस्थाहरुको बृद्धिको कारणले दोहोरोपनाको समस्या दिनानुदिन बढ्दै गएको र सदस्यहरुको काँधमा अधिक ऋणको बोझ बढ्दै गएको कारणले सजगता नअपनाए खराब ऋणको अंश बढ्दै जाने देखिन्छ।

(ङ) व्यवस्थापनको रणनीति : उल्लेखित चुनौतीहरुको सामना गर्दै राष्ट्रिय स्तरको वित्तीय संस्थामा स्तरोन्नती भई कार्य क्षेत्र विस्तार गर्ने, वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घरपरिवारमा वित्तीय सेवा पुर्‍याउने, केन्द्र ब्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने, निक्षेप परिचालनलाई समेत विशेष महत्व दिने र वित्तीय संस्थासँग रहेका स्रोत साधनको अधिकतम उपयोग गरी संस्थाको मुनाफा वृद्धिदर कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ।

६. **संस्थागत सुशासन :**

वित्तीय संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति लगायतका समितिहरु संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन प्रतिबद्ध छन्।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।